नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नुवाकोट

फोन नं. : ०१०-५६०३३३
०१०-५६०२६६
फ्याक्स नं : ०१०-५६००३३
इमेल : nuwakotcdo@gmail.com
वेबसाइट:daonuwakot.moha.gov.n

पत्र संख्या : ०७८/७९

मिति: २०७८।०४।०१

## जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट जारी निषेध आदेश

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णय, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८/०४/०१ गते राति १२:०० बजे सम्मका लागि निषेधित आदेश जारी भएकोमा पुनः २०७८/०४/०१ गते राति १२:०० बजेदेखि २०७८/०४/१० गते राति १२:०० बजेसम्मका लागि नुवाकोट जिल्लाभर लागू हुने गरी तपसिल बमोजिमको व्यवस्था गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ। यो आदेशको वर्खिलाप भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः-

### निषेधित कार्यहरु

**सार्वजनिक भेला, जमघट, समारोह, व्यवसाय सम्बन्धी**

(क) आवश्यक काम बाहेक घर बाहिर निस्कन तथा हिँडडुल गर्न नपाइने,

(ख) सवै प्रकारका भेला, सम्मेलन, धार्मिक, सांस्कृतिक, सामाजिक गतिविधिहरु गर्नका लागि हुने जमघटहरु गर्न गराउन नपाइने,

(ग) सार्वजनिक खेलकूद, नाच, मेला, जात्रा, महोत्सव, भोजभतेर र हाटबजार तथा भीडभाड हुने कार्यक्रमको आयोजना तथा सञ्चालन गर्न नपाइने,

(घ) मन्दिर, गुम्बा, चैत्य, विहार, मस्जिद, चर्च आदिमा सामूहिक भेला हुन, सामूहिक रुपमा आश्रय लिइ बस्न तथा सामूहिक भेला हुने खालका कुनै किसिमका कार्यक्रम गर्न नपाइने,

(ङ) पुजारीबाट हुने नित्य पूजा बाहेकका अन्य धार्मिक तथा साँस्कृतिक गतिविधिहरू सञ्चालन गर्न नपाउने।

(च) कुनैपनि प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, मानिसहरु भेला हुने, नारा, जुलुश वा प्रर्दशन जस्ता कार्य गर्न गराउन नपाइने,

(छ) रङ्गशाला, खेलकूदस्थल, मनोरन्जन स्थल, कवर्ड हल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल, स्वीमिङ्ग पुल तथा जिमखाना, फिटनेस सेन्टर, सामूहिक खेलकूद, पार्टी प्यालेस, सैलुन तथा ब्युटिपार्लरहरु सञ्चालन गर्न नपाइने,

(ज) विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र लगायतका संस्थामा विद्यार्थी/शिक्षक भौतिक रुपमा भेला भई/गराई सिकाई गतिविधि संचालन गर्न नपाइने ।

प्रमुख जिल्ला अधिकारी

(झ) कबाडी संकलनको कार्य गर्न, साइकलमा सामान राखेर बिक्री वितरण गर्न तथा फुटपाथमा पसल सञ्चालन गर्न/गराउन नपाइने।

गर्न पाइने कार्यहरु

(क) आवश्यक कामको लागि घर बाहिर निस्कनु परेमा अनिवार्य रुपमा मास्क, स्यानिटाइजरको प्रयोग गरी स्वास्थ्य प्रोटोकल बमोजिम कम्तिमा २ मिटरको भौतिक दूरी कायम गरी हिंड्न।

(ख) विवाह, व्रतवन्धको हकमा बढी १५ जनासम्म (विवाहमा दुबैपक्षका गरी) स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी जिल्ला प्रशासन कार्यालयको अनुमति लिएर आफू बसोबास गरेको घरमा मात्र गर्न ।

(ग) जिल्ला भित्रका सरकारी, निजी तथा गैरसरकारी क्षेत्रले निर्धारित प्रक्रिया, समय र मापदण्ड अनुरुप तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गराई आ-आफ्नो निकायबाट सेवा सञ्चालन तथा व्यवस्थापन गर्न ।

(घ) निजी सवारी साधान व्यक्तिगत प्रयोजनको लागी मात्र स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गरी संचालन पाइने ।

(ङ) खाद्य सामग्री, तरकारी, फलफूल पसल तथा माथि उल्लिखित निषेध गरिएका कार्यहरू बाहेकका अन्य सवै प्रकारका पसल व्यवसायहरू नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने/गराउने गरी **साँझ** ७ बजे सम्ममात्र खुल्ला गर्न।

(च) औषधि, स्वास्थ्य सामग्री, भेटनरी तथा विउविजन सम्वन्धी पसल व्यवसाय नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने/गराउने गरी संचालन गर्न।

(छ) बैंक, वित्तीय संस्थाहरुको हकमा नेपाल राष्ट्र बैक र सम्वन्धित बैकको केन्द्रीय कार्यालयवाट जारी निर्देशन बमोजिम स्वास्थ्य प्रोटोकल पालना गरी संचालन गर्न।

(ज) विश्व विद्यालयले निर्धारण गरेका परीक्षाहरु स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गरी संचालन गर्न पाइने।

(झ) विकास निर्माण कार्यमा प्रयोग हुने सामाग्री ढुवानीका साधन संचालन गर्न पाइने तर निर्माण कार्यमा प्रयोगहुने जनशक्तिलाई कार्यस्थल मै बस्ने खाने व्यवस्था व्यवस्थापक स्वयंले गरी स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर कार्य गर्न।

माथि उल्लेखित आदेशका साथै नेपाल सरकार मन्त्रिपरिषद्बाट COVID-19 को नियन्त्रण सम्वन्धमा कुनै आदेश जारी भएमा सोही बमोजिम हुनेछ ।

(जीवनप्रसाद दुलाल)
प्रमुख जिल्ला अधिकारी